# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ८ प्रकाशन मिति : २०७७/०७/०३

## भाग २

# दुहवी नगरपालिका

# पूर्ण सरसफाइअभियान को गुणस्तर अनुगमन निर्देशिका २०७७

# दुहबी नगरपालिका

## नगरपालिका स्तरीय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति

## दुहबी, सुनसरी,

## १ नं. प्रदेश, नेपाल

**नगर कार्यपालिकाबाट पारित मिति : २०७७/०६/११**

**प्रमाणिकरण मिति २०७७/०६/२९**

# निर्देशिकाका बारेमा

खानेपानी, सरसफाइ तथा स्वच्छता मानवजीवनको अभिन्न भाग हो । यसलाई नेपालको संविधानले व्यक्तिको मौलिकहकको रुपमालएको छ । नेपालको विधानको धारा ३५ (४) ले सबैलाई स्वच्छ खानेपानीको प्रत्याभूति गरेको छ भने धारा ३० (१) ले स्वच्छ र सफावातावरणमा बाँच्नपाउने हकलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले सम्पूर्ण जनतालाई सुरक्षित, पर्याप्त, स्वीकार्य हुनेगरी पिउने पानीको सुनिश्चित गर्ने लक्ष्यलिएको छ ।

सुरक्षित पिउने पानी र सरसफाइको सुनिश्चितताका लागि नेपाल सरकारले विभिन्न प्रयासहरु जारी राखेको छ । खानेपानी, सरसफाइ तथा स्वच्छताको सवालको स्थानीयकरण गर्दै आवश्यकता अनुसार यसको सुनिश्चितताका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता स्थानीय सरकारको जिम्मेवारी र दायित्व मात्र नभै क्षेत्राधिकार भित्र समावेश गरेको छ । यस आधारमा आफ्नो क्षेत्र भित्रका प्रत्येक घरधुरीलाई सुरक्षित पिउने पानी, सरसफाइ तथा स्वच्छ वातावरणको प्रत्याभूत गर्ने संवैधानिक दायित्व समेत नगरपालिकामा आएको छ ।

राष्ट्रिय तथ्यांक अनुसार नेपालका ८७ प्रतिशत घरधुरीमा पिउने पानीको पहुँच रहेको छ । सरकारी क्षेत्रको नेतृत्व, विकास साझेदारको दरिलो साझेदारी र सम्पूर्ण सरोकारवालाको प्रतिवद्धताका कारण खानेपानी र सरसफाइ क्षेत्रमा यो उपलब्धी सम्भव भएको हो ।

नेपालले दिगो विकास लक्ष्यमा आफ्नो प्रतिवद्धता जनाइसकेको छ । मूलत:दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ लाई नेपालले प्राथमिकतामा राखेको छ, जुन सहश्राव्दी विकास लक्ष्यमा समेत नेपालले प्राथकितामा राखेको थियो । लक्ष्य नं. ६.१ ले सन् २०३० सम्ममा सबैका लागि सुरक्षित र सर्वसुलभ दरमा पिउन योग्य पानीको समतामूलक उपलब्धता गराउने उल्लेख गरेको छ । यसैगरी लक्ष्य नं. ६.२ ले महिला, बालबालिका र जोखिममा परेका समुदायको विशेष व्यवस्था सहित पर्याप्त र समतामूलक सरसफाइ र स्वच्छता सुविधा उपलब्ध गराउने लक्ष्य लिएको छ । नेपाल सरकारले पूर्ण सरसफाइ मार्गदर्शन २०७३ र दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ मा आधारित भएर खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना(WASH Sector Development Plan-SDP)तयारी गरिरहेको छ । तर पनि, स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छतालाई व्यवस्थित र संस्थागत गर्नका लागि आवश्यक नीतिगत व्यवस्थाको अभाव खड्किइरहेको छ । संवैधानिक व्यवस्था, नेपाल सरकारको प्रतिवद्धता र स्थानीय तहहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको दायित्व पूरा गर्नका लागि दीर्घकालीन क्षेत्रगत एवम् एकीकृत योजना तयार गरी वार्षिक रुपमा कार्यान्वयन र समीक्षा गर्नु आवश्यक रहेको छ । स्वास्थ्य, सरसफाइ र खानेपानीका लागि आवश्यक सम्पूर्ण नीति निर्माण र कार्यान्वयनको दायित्व संविधानको धारा ५७ (४) ले स्थानीय तहमा नै सुम्पिएको छ ।

नगरपालिका खुल्ला दिसामुक्त घोषणा भएको करिब दुई वर्षपछि ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रमको सहयोग र सामुदायिक विकास समाज(CDS, Morang)को सहजीकरणमा दुहबी नगरपालिकाका पाँच वटा वडामा पूर्ण सरसफाइ अभियान सहजीकरण भैरहेको छ । बाँकी रहेका वडाहरुमा दुहबी नगरपालिकाले नै पूर्ण सरसफाइ अभियानको थालनी गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना(WASH PLAN)तयारीका लागि आधाररेखा सर्वेक्षणको काम अन्तिम चरणमा पुगेको छ । समग्रमा, दुहबी नगरपालिकाका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाइ अभियानको थालनी गरिएको छ ।

पूर्ण सरसफाइ अभियान अन्तर्गत सम्पूर्ण घरधुरीको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थाको आधाररेखा सर्वेक्षण भैसकेको छ । यसैगरी, नगरपालिका भित्रका स्वास्थ्य संस्था, विद्यालय, अन्य कार्यालय एवम् संघसंस्थाहरु, विद्यालय, सार्वजनिक क्षेत्र र वञ्चितमा पारिएका समुदाय रहेका विशेष क्षेत्रको संख्यात्मक एवम् गुणात्मक तथ्यांक संकलन कार्यको थालनी भएको छ ।

नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको यस अघिको बैठकले नै खानेपानी, सरसफाइ तथा स्वच्छता योजना(WASH Plan)तयार गर्ने

निर्णय गरिसकेको छ । यसका लागि आवश्यक उपसमिति एवम् कार्यदल गठन गरी योजना तयारीका बाँकीका र्यहरुलाई अविलम्व सम्पन्न गरी खानेपानी, सरसफाइ तथा स्वच्छताको मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकता छ ।

पूर्ण सरसफाइ अभियान अघि बढेका वडाहरुमा नमूना समुदाय र नमूना विद्यालय निर्माणको कार्य तीव्र गतिमा अघि बढिरहेको छ । घरायसी तहमा सरसफाइ तथा स्वच्छता वानीव्यवहार प्रवर्द्धनका लागि सहजीकरण भैरहेको छ भने विद्यालय, समुदाय र संस्थागत तहमा समेत सरसफाइ प्रवर्द्धनका क्रियाकलाप भैरहेका छन् । पूर्ण सरसफाइ नमूना समुदाय र नमूना विद्यालय सहजीकरणको काम थालनी भएको छ भने नमूना समुदायको आवधिक र चरणवद्ध अनुगमनको कार्य थालनी भैसकेको छ। पालिका भित्र हुने अनुगमनका सम्पूर्ण क्रियाकलापमा एकरुपता ल्याउनुका साथै न्यूनतम स्तर निर्धारण गर्न सकेमा अभियानको प्रभावकारिता थप वृद्धि हुँदै जान्छ ।

पूर्ण सरसफाइ अभियानको स्थानीयकरण गर्दै, नगरपालिकाका वार्षिक नीति कार्यक्रममा खानेपानी सरसफाइ तथा स्वच्छतालाई अभिन्न भागको रुपमा समावेश गरी सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका माध्यमबाट सामाजिक समुन्नति र सामाजिक रुपान्तरण गर्नका लागि अभियानलाई चुस्त दुरुस्त रुपमा अघि बढाउनुपर्छ । यसका लागि, उपयुक्त अनुगमन प्रणाली स्थापित गर्दै अनुगमन संयन्त्रहरुलाई क्रियाशील बनाउनु उत्तिकै आवश्यक हुन्छ ।

कम्तिमा चार वर्ष भित्र दुहबीनगरपालिकालाई नै सफा र स्वच्छ नगरपालिकाको रुपमाविकास गर्ने लक्ष्यलिइएको छ । नगरपालिका भित्रका सम्पूर्ण वडाहरुलाई २०८० चैत्र महिना भित्रै सफा र स्वच्छ क्षेत्रको रुपमा विकास गर्ने र त्यसपछि पूर्ण सरसफाइउन्मुख नगरपालिका निर्माणका लागि आवश्यक सूचक पूरा गर्नेतर्फ नगरपालिका अग्रसर हुनेछ ।

सबै तहमा हुने अनुगमनलाई प्रभावकारी बनाई तोकिएको लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने हेतुले यस पूर्ण सरसफाइ अनुगमन निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

यस निर्देशिकामा बाह्य अनुगमन भन्दा पनि स्वअनुगमन र नियमित गुणस्तर अनुगमनमा जोड दिइएको छ । यस निर्देशिकाले निर्दिष्ट गरेका अनुगमन तालिकाहरु पूर्ण सरसफाइ मार्गदर्शन २०७३, विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४, सुनसरी जिल्लाको पूर्ण सरसफाइ मार्गदर्शन २०७६ (प्रारुप) र प्रदेश एवम् संघीय सरकारले विभिन्न समयमा गरेका नीतिगत निर्णयमा आधारित भएर तयार गरिएको छ ।

निर्देशिका तयारीका क्रममा सहयोग गर्नुहुने विकास साझेदार, सहजीकरण गर्ने निकाय, जनप्रतिनिधिहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारी वर्गप्रतिहार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

श्री बेद नारायण गच्छदार
प्रमुख, दुहबी नगरपालिका
अध्यक्ष, नगरपालिका स्तरीय खानेपानी,
सरसफाइ तथा स्वच्छता समन्वय समिति

# १.पृष्ठभूमि/परिचय

नेपालको १ नं. प्रदेशमा पर्ने सुनसरी जिल्लाको १२ स्थानियतहमध्ये दुहबी नगरपालिका हो।दुहवी नगरपालिकामा रहेको प्रशिद्ध शक्तिपीठ दुहवीमाई मन्दिरको नामबाट दुहवी बजारको नाम रहेको र सोहीदुहवी नगरपालिकाको नामाकरण भएकोछ ।नेपाल सरकार, स्थानीय तहनिर्धारण आयोगको २०७३ फागुनको निर्णयअनुसार सुनसरी जिल्लाका सोनापुर, सिमरिया, तनमुना र पूर्वकुसाहा गाउँ विकास समितिलाई समेत मिलाएर मिति २०७३ फागुनमा दुहबी नगरपालिका घोषणा भएको ।भौगोलिक हिसावमा यो नगरपालिका ८७०१२'२७'' देखि ८७०१७'५४''पूर्वी देशान्तर र२६०२९'१५'' देखि २६०३७'११''उत्तरी आक्षांश सम्म लगभग केराको पातजस्तो आकारमा फैलिएको छ ।यसको कूल क्षेत्रफल... वर्गकिलोमिटर रहेको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार दुहबी नगरपालिकाको जनसंख्या ५६,२१६ रहेको छ । जसमध्ये पुरुष २८,१०७जना र महिला २८,१०९ जना रहेका छन् । जनघनत्व ६६२ जनाप्रतिवर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्यामध्ये ६१.८४ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३२.१७प्रतिशत १४ वर्ष वा सो भन्दाकम उमेरका, र ५.९८ प्रतिशत ६० वर्ष वा सो भन्दामाथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार दुहबी नगरपालिकामा ११,८९३ घरपरिवार रहेका छन् । हाल यस नगरपालिकामा प्रति परिवार औषत ४.७३ जना सदस्य रहेको देखिन्छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार यहाँ७० भन्दा बढि जातजातिको बसोबास रहेको छ भने २५ भन्दा बढि मातृभाषाहरू बोलिने गरेको देखिन्छ । जातीगत आधारमा हेर्दा सबैभन्दा बढी थारु जाति १३,७८२ जना (२४.५२%), दोस्रोमा मुसलमान९,५९५ (१७.०७%), तेस्रोमा मुसहर४,९६६ (८.८३%) रहेका छन् । त्यसैगरी झाँगड/धागर३,९९० (७.१० प्रतिशत), ब्राह्मण, क्षेत्री २८३५ (५.०४ प्रतिशत) र तेलीजाती २०७९ (३.७० प्रतिशत) रहेका छन् भने ५० भन्दा माथि

लोपउन्मुखजाति (कूल जनसंख्याको ०.५ प्रतिशतभन्दाकम जनसंख्या भएको रहेका छन् । जस्तै : बन्टार/सरदार, हजाम/ठाकुर, खत्वे, मल्लाहा, सन्यासी/दशनामी, राजपुत, कायस्थ, कल्वार, दमाई/ढोली, बादी, डोम, लिम्बू, सोनार, घर्ती/भुजेल, कुर्मी, पासमान आदि छन् ।

सुनसरी जिल्लालाई २०७४ मा खुल्ला दीसामुक्त क्षेत्र र पूर्ण साक्षर जिल्ला घोषणा गरिएको छ । दुहवी नगरपालिका सुनसरी जिल्लामा नैं पूर्ण खोप सुनिश्चिता भएको पहिलो नगरपालिका हो । यस नगरपालिकाले वालमैत्री तथा वातावरणमैत्री नगरको रुपमा स्थापित हुने नीति लिइएको छ ।विपन्न घरधुरीलाई शौचालय निर्माणका लागि आवश्यक सहयोग रकम विनियोजन गर्नुका साथै खुल्ला दिसामुक्त अभियान सहजीकरण गर्ने ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रमको साझेदार संस्था नारी विकास संघको सहजीकरण, साविक गाविसको नेतृत्व र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सुनसरीको प्राविधिक एवम् प्रक्रियागत नेतृत्वमा अभियान पुनःथालनी गरी सबै घरधुरीमा शौचालयको पहुँचको सुनिश्चितता गरिएको थियो ।

## २. खानेपानी, सरसफाइतथा स्वच्छताको अवस्था

दुहबी नगरपालिकामा ६ वटा खानेपानी प्रणाली रहेका छन्।जस मध्ये ३ वटा निर्माण सम्पन्न र ३ वटा निर्माणाधीन अबस्थामा रहेको छ । यीखानेपानी प्रणालीमा घरायसी र सार्वजनिक प्रयोजनका लागि ४२९१ धारा जोडिएका छन् । अहिले नगरपालिका भित्र ७६०२ घरधुरीले कलको पानी नै प्रयोग गर्छन् ।

आधाररेखा सर्वेक्षण अनुसार घरायसी तहमा पानीको शुद्धीकरण गरेर पिउने घरधुरी ६.६६ प्रतिशत मात्र रहेका छन् ।

यस नगरपालिका खुल्लादिसामुक्त घोषणा गरिएको भएपनि, पहिलो चरणमा वडा नं. १, २, ३, ८ र ९ मा लिइएको आधाररेखा सर्वेक्षण अनुसार कूल ३ हजार ९ सय ७७ घरधुरी मध्ये ६ सय ५६ घरधुरीमा चर्पी निर्माण गर्नुपर्ने र मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेका छन् । बाँकी वडाहरुको ग्रामीण क्षेत्रको अवस्था समेत यस्तै छ, जहाँको आधाररेखा सर्वेक्षणको नतिजाको विश्लेषण भैसकेको छैन ।

प्रतिशतमा हेर्ने हो भने निर्माण भएका चर्पीहरुमध्ये करिब ४० प्रतिशत एकखाल्डे चर्पी रहेका छन् ।पूर्ण सरसफाइ मार्गदर्शन अनुसार पूर्ण सरसफाइ अभियानको क्रममा एकखाल्डे चर्पीलाई सुरक्षित चर्पीमा रुपान्तरण गर्नु आवश्यक हुन्छ । यसका लागि तत्स्थान सुरक्षित चर्पीमा रुपान्तरण गर्ने सबैभन्दा सहज र प्रभावकारी विधि भनेको एक खाल्डेलाई उपयुक्त प्रविधि सहितको दुई खाल्डेमा बदल्नु नै हो ।

पूर्ण सरसफाइको अवस्थामा संयुक्तचर्पी मान्यनहुने र एक घर एक सुरक्षितचर्पी आवश्यक हुन्छ । त्यसैले, पूर्ण सरसफाइ अभियान थालनी हुनुभन्दा अगाडि लिइएको आधाररेखा सर्वेक्षण अनुसार कूल घरधुरीको १०प्रतिशतले संयुक्त चर्पीको प्रयोग गरिरहेका छन् । अहिले पनि चर्पीको लेदोलाई सुरक्षित खाडल वा सेप्टिक टंकीमा व्यवस्थित गरिएको छैन ।

यहाँका केही बस्तीहरु जोखिमयुक्त स्थानमा रहेका छन्, जहाँ करिब एक हजार घरधुरीको बसोबास रहेको छ । यस स्थानमा वर्षा याममा, मूलतः बाढी र डुबानको समयमा सुरक्षित एवम् शुद्ध पिउने पानी र सुरक्षित शौचालयको सुनिश्चितता गर्नु पूर्ण सरसफाइ अन्तर्गत एक प्रमुख आवश्यकता रहेको छ ।

## ३. उद्धेश्य

यस अनुगमन निर्देशिकाको मुख्य उद्धेश्य घरायसी तह, टोल, संस्थागत तह, सार्वजनिक स्थल र वडा तहमा गरिने विभिन्न चरणका अनुगमनमा पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले निर्धारण गरेका मापदण्डका आधारमा एकरुपताल्याई दुहबी नगरपालिकामा पूर्ण सरसफाइ अनुगमन प्रणालीको स्थापना गरी चुस्त दुरुस्त रुपमा अनुगमन कार्यलाई अघि बढाउनु रहेको छ । यस बाहेक यस निर्देशिकाका विशिष्ट उद्धेश्यहरु तपसिल बमोजिम रहेका छन् :

- पूर्ण सरसफाइ अभियानको अनुगमनमा एकरुपता ल्याउनु
- खानेपानी, सरसफाइ तथा स्वच्छताको एकीकृत गनुगमन प्रणाली स्थापना गर्नु

- गुणस्तर अनुगमनमा रहेका द्विविधाहरु हटाउनु
- गुणस्तर र मापदण्ड कायम राख्नु
- प्रक्रियाको विश्वसनीयता वृद्धि गर्नु
- घर, कार्यालय, टोल र वडाको अनुगमन प्रक्रियामा सघाउनु

# ४. अनुगमन संरचना

यस दुहबी नगरपालिका भित्र पूर्ण सरसफाइ अभियानको स्वअनुगमन एवम् आवधिक अनुगमनका लागि तपसिल बमोजिमका अनुगमन संयन्त्र रहनेछन् :

## ४.१ विद्यालय सरसफाइ अनुगमन समिति

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४ (संशोधन २०७६) बमोजिम गठन हुने विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सम्पादन गर्ने सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र विद्यालय सेवा क्षेत्रको पूर्ण सरसफाइ अवस्थाको आवधिक अनुगमन गरी सुझाव सल्लाह दिनका लागि तपसिल बमोजिमको नगरपालिका स्तरीय विद्यालय क्षेत्र खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमिति गठन गरिने छ :

- नगरपालिकाका सामाजिक विकास समितिका संयोजक : संयोजक
- विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट एक जना : सदस्य
- नगरपालिकाबाट तोकिएको शिक्षा विकास शाखाका कर्मचारी : सदस्य
- नगरकार्यपालिकाका सदस्यमध्येबाट एक जना : सदस्य
- जेण्डर/सरसफाइ फोकल शिक्षक मध्येबाट एक जना : सदस्य
- नगरपालिका स्तरीय बाल सञ्जालका अध्यक्ष एक जना : सदस्य

- नगरपालिका क्षेत्र भित्रका सेवानिवृत्त प्रधानाध्यापक वा शिक्षक मध्येबाट एक : सदस्य

यसरी गठन हुने उपसमितिको मुख्य कार्य तल दिइए बमोजिम हुनेछ :

- विद्यालय र विद्यालय सेवा क्षेत्रको पूर्ण सरसफाइ रणनीतिक योजना वा कार्ययोजना बनाउन सहयोग गर्ने
- सूचना, शिक्षा तथा सञ्चारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने
- विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भारको अवस्थाको आवधिक अनुगमन गरी सोको विवरण नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा पेश गर्ने
- विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वमूल्यांकन गरेको प्रतिवेदन हेर्नुका साथै विद्यालयको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमन गरी तारा पद्धति (Star Approach) बाट सोको प्रमाणीकरण गर्ने
- मापदण्ड पूरा नभएका विद्यालयहरुको स्तर वृद्धिका लागि आवश्यक बजेट व्यवस्थाप गर्न नगरकार्यपालिका समक्ष सिफारिस गर्ने
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य, खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी सेवा विस्तारका लागि योजनावद्ध सहयोग गर्ने ।

यस अनुगमन समितिले प्रयोग गर्ने अनुगमन फाराम तथा सूचकहरु शीर्षक ६ र ७ मा दिइएको छ ।

## ४.२ टोल स्तरीय अनुगमन समिति

पूर्ण सरसफाइ अभियानको सिकाइको केन्द्रको रुपमा विकास गर्नका लागि प्रत्येक वडा भित्रका टोलहरुलाई क्रमश: सरसफाइ नमूना टोलको रुपमा विकास गर्दै लगिने छ । यसरी, सरसफाइ नमूना टोलको विकास गर्दा पूर्ण सरसफाइ मात्र नभै सशक्तीकरण, आयआर्जन, स्वास्थ्य र भौतिक विकासका क्रियाकलापहरुलाई समेत सँगसँगै लगिने छ ।

टोल तहभित्र रहेका घरधुरी र टोलमा रहेका संघसंस्था एवम् सार्वजनिक स्थलको अनुगमनका लागि टोल व्यवस्थापन समिति वा टोल पूर्ण सरसफाइ समितिको मातहतमा रहने गरी तपसिल बमोजिमको अनुगमन समिति गठन गरिने छ :

टोल व्यवस्थापन समितिका अध्यक्ष, सदस्य सचिव वा तोकेको व्यक्ति : संयोजक
महिला स्वास्थ्य स्वयंसेविका : सदस्य
महिनावारी स्वच्छता व्यवस्थापन समितिबाट एक जना : सदस्य
टोल समितिले छनौट गरेका अन्य दुई जना : सदस्य

टोल समिति नभएको अवस्थामा टोल पूर्ण सरसफाइ समितिको भेलाबाट सो टोल हेर्ने जिम्मेवारी प्राप्त वडा सदस्यको संयोजकत्वमा वा निजले तोकेको व्यक्तिको संयोजकत्वमा टोल अनुगमन समिति गठन गर्न सकिने छ । पूर्ण सरसफाइ अभियानमा बाह्य अनुगमन भन्दा पनि स्वअनुगमनमा जोड दिइने भएकोले अनुगमन समिति, पूर्ण सरसफाइ समिति र सहजकर्ताहरुको संयुक्त टोलीले अनुगमन गर्ने हुँदा अनुगमन समिति चुस्त बनाउनु उपयुक्त हुन्छ । टोल तहमा गरिने अनुगमनमा प्रत्येक घरधुरीलाई सूचक र उपसूचकका आधारमा अंकदिइने हुनाले सोही क्षमता अनुसारका सदस्यहरु छनौट गर्दा अनुगमन कार्य बढी प्रभावकारी हुन्छ ।

टोलभित्रका घरधुरी संख्या, अनुगमनको निरन्तरता एवम् तीव्रताको आवश्यकता लगायतलाई मध्यनजर गरी टोल समितिले माथि उल्लेखित भन्दा बढी सदस्यहरु समेत समावेश गर्न सक्नेछ । यसरी गठन गरिएका टोल अनुगमन समितिले घरायसी तहमा प्रत्येक साता र टोलभित्र रहेका सार्वजनिक स्थल एवम् संघसंस्थाको कम्तिमा महिनाको एक पटक अनुगमन गरी तोकिएको ढाँचामा सोको विवरण टोल समिति मार्फत वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र वडा कार्यालयमा दस्तावेजीकरण एवम् आवश्यक अन्य प्रयोजनका लागि बुझाउने छ ।

पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्था भएको हकमा संस्थाको सहजकर्ताले अनुगमन प्रतिवेदन तयार गरी वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा अनुगमनको लिखित प्रतिवेदन कम्तिमा महिनाको एक पटक एकमुष्ठ रुपमा बुझाउन सहयोग गर्नेछन् ।

घरायसी तहको अनुगमनका सूचकहरु शीर्षक ५ मा दिइएको छ भने अनुगमन तालिका अनुसूची २ मा दिइएको छ ।

## ४.३ विद्यालय सेवा क्षेत्र स्वअनुगमन समिति

प्रत्येक विद्यालयले आफ्नो विद्यालय सेवा क्षेत्रलाई लक्षित गरी विद्यालय सेवा क्षेत्रस्तरीय पूर्ण सरसफाइ कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनेछन् । सो कार्ययोजना अनुरुप सेवा क्षेत्रभित्र पूर्ण सरसफाइ प्रवर्द्धनका क्रियाकलाप सञ्चालनमा आए नआएको र योजना कार्यान्वयनको प्रभावकारिता वृद्धिका लागि विद्यालय सेवा क्षेत्र स्वअनुगमन समिति गठन गर्नुपर्नेछ । यसरी गठन भएको समितिले मूलत:विद्यालय सेवा क्षेत्रभित्र बालक्लबको अगुवाइमा साबुनपानीले हातधुने अभ्यास, महिनावारी शिक्षा, बालबालिकाको माध्यमबाट अभिभावक सम्म पूर्ण सरसफाइ सम्बन्धी जानकारी एवम् सन्देश प्रवाहको अवस्था लगायतका विषयमा अनुगमन गरी सोको विवरण विद्यालयस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति मार्फत विद्यालय व्यवस्थापन समितिमा पेश गर्नेछन् । यसैगरी विद्यालय भित्र र बाहिर पनि विद्यालयले सञ्चालन गरेका पूर्ण

सरसफाइ अभियानको प्रभाव कस्तो छ र क्रियाकलापलाई अझै प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने बारेमा यस समितिले अनुगमन गर्नेछ ।

विद्यालय सरसफाइ अनुगमन समितिले नै यस अनुगमन समेत गर्नेछ । यस अनुगमनको जाँच सूची अनुसूची ३ मा दिइएको छ ।

## ४.४ वडास्तरीय अनुगमन समिति

वडा क्षेत्रभित्र रहेका घरधुरी, सरसफाइ नमूना टोल, वडा भित्रका कार्यालय, संघसंस्था, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक क्षेत्र र वञ्चितीमा पारिएका विशेष बस्तीहरुको अनुगमन यस समितिले गर्दछ ।

यस समितिले घरधुरीको अलग्गै अनुगमन नगरी सम्बन्धित टोल समितिसँग समन्वयात्मक रुपमा घरधुरीको अनुगमन गरी घरधुरीको अवस्था अनुसारको अंक दिनेछ । यो काम टोल समितिसँग संयुक्त रुपमा हुनेछ, र यस अनुगमनका लागि सम्बन्धित टोल समितिको अनुगमन पुस्तिकाको प्रयोग गरिने छ ।

घरधुरी बाहेक समग्र टोलको सरसफाइको अवस्था, टोल समितिको सक्रियता, टोलले निर्माण गरेका र कार्यान्वयनमा ल्याएका नीति नियमहरु, वडाभित्रका कार्यालय, संघसंस्था, विद्यालय, स्वास्थ्य संस्था लगायतको अनुगमन भने निर्दिष्ट फाराम र जाँचसूचीका आधारमा वडास्तरीय अनुगमन समितिले एक्लै वाअन्य साझेदारसँग संयुक्त रुपमा गर्न सक्नेछ । यस समितिले वडाभित्र रहेका संघसंस्थाको सरसफाइ अवस्थाको अनुगमन गरी सुझाव सल्लाह दिनेछ । संघसंस्थाको अनुगमनको क्रममा संघसंस्था अनुगमन समिति वा पालिकास्तरीय अनुगमन समितिसँग संयुक्त रुपमा समेत अनुगमन गर्नेछ । वडाभित्रका संघसंस्था, विद्यालय र सार्वजनिक क्षेत्रको अनुगमनका क्रममा अनुगमन गरी तालिकामा अंक दिने भन्दा पनि भैरहेको कार्यको गुणात्मक पक्षको अनुगमन गरी सुझाव सल्लाहदिने दायित्व यस समितिको हुनेछ ।

वडास्तरीय अनुगमन समितिले अनुगमनका क्रममाप्रयोग गर्ने जाँच सूची अनुसूची ४ मा दिइएको छ।

वडाबाट गर्ने अनुगमनका लागि तपसिल बमोजिमको अनुगमन समिति गठन हुनेछ :

- वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति : संयोजक
- वडा सचिव : सदस्य
- सम्बन्धित वडाबाट तोकिएको वडा सदस्य : सदस्य
- टोल समितिवा टोल समन्वय समितिका प्रतिनिधि : सदस्य
- महिला स्वास्थ्य स्वयंसेविका : सदस्य
- वडास्तरीय महिनावारी स्वच्छता सरोकार समूह वा नगरपालिका स्तरीय महिनावारी स्वच्छता सरोकार समूहको प्रतिनिधि : सदस्य
- कम्तिमा एक जनामहिला सहित वडास्तरीय खानेपानी, सरसफाइतथा स्वच्छता समन्वय समितिले तोकेको दुई जना : सदस्य
- पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्था भएमा सोको सहजकर्ता : सदस्य

## ४.५ महिनावारी सरसफाइ तथा स्वच्छता अनुगमन समिति

महिनावारी सम्बन्धमा समुदायमा रहेको गलत धारणा र मान्यतालाई न्यूनीकरण गर्दै महिनावारीको समयमा महिलाहरुलाई घरपरिवार, कार्यालय, विद्यालय र सार्वजनिक स्थलमा हुने विभेदहरु न्यूनीकरण गर्नेएवम् सरसफाइ तथा स्वच्छतामा ध्यानदिई महिनावारीको बेलामा हुने समस्याहरु कम गर्न सघाउनु यस समितिको मुख्य दायित्व हुनेछ ।

वडा, टोल तथा विद्यालयमा गठन गरिएका महिनावारी सरसफाइ सरोकार समूह र पालिकास्तरीय अनुगमन समिति सँगको समन्वयमा यस समितिले अनुगमनका क्रियाकलाप सञ्चालन गर्नेछ ।

यस समितिले संख्यात्मक भन्दा पनि गुणात्मक अनुगमनमा जोड दिनेछ । अनुगमनका क्रममा पाइएका सुधारात्मक विषयलाई पालिकास्तरीय अनुगमन समिति वा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा रिपोर्टिङ गरी सुधारका लागि आवश्यक पहल गर्न सघाउनेछ ।

नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र नगरपालिका स्तरीय महिनावारी सरसफाइ सरोकार समूहले महिनावारी सरसफाइ व्यवस्थापन र जागरण सम्बन्धी वार्षिक योजना र क्रियाकलाप तय गर्दा यस समितिले दिएका सुझावहरुलाई समेत आधार मान्नेछ ।

महिनावारी सरसफाइ तथा स्वच्छता अनुगमन समिति तपसिल बमोजिम हुनेछ :

- नगरपालिकाका उप प्रमुख वा कार्यपालिका सदस्यहरु मध्येबाट महिला सदस्य : संयोजक
- महिला स्वास्थ्य स्वयंसेविका : सदस्य
- पालिका भित्रका विद्यालयका जेण्डर फोकल पर्सनहरु मध्ये एक : सदस्य
- विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरु मध्येबाट एक : सदस्य
- नगरकार्यपालिका सदस्यहरु मध्येबाट एक महिला सदस्य : सदस्य
- नगरपालिका स्तरीय महिनावारी सरसफाइ सरोकार समूहले तोकेको एक जना : सदस्य
- स्वास्थ्य, मातृ शिशु स्वास्थ्य, जनस्वास्थ्य, खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा नगरपालिका भित्र क्रियाशील संस्थाहरु मध्येबाट एक जना : सदस्य
- पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्था भए सोको सहजकर्ता : सदस्य

- विद्यालय स्तरीय महिनावारी सरसफाइ सरोकार समूहका संयोजकहरु मध्येबाट एक जना : सदस्य

महिनावारी सरसफाइ तथा स्वच्छता अनुगमन समितिले अनुगमनका क्रममा प्रयोग गर्ने जाँच सूची अनुसूची ५ मा दिइएको छ ।

यस समितिले कम्तिमा महिनाको एक पटक संघसंस्था, विद्यालय र जोखिमयुक्त टोल बस्तीहरुमा अनुगमन गरी अनुगमनका क्रममा भेटिएका तथ्यहरुलाई पालिकास्तरीय अनुगमन समिति तथा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा प्रस्तुत गर्नेछ ।

कुनै स्थानमा महिनावारी सरसफाइ सम्बन्धी जोखिमपूर्ण वानी व्यवहार अवलम्वन भैरहेको र सोको समाधानका लागि तुरुन्त आवश्यक कदम चाल्नुपर्ने अवस्था भएमा सिधै नगरपालिका वा सम्बन्धित स्वास्थ्य संस्थामा समेत सम्पर्क गर्न सक्नेछ ।

कुनै वडा, टोल, कार्यालय वा विद्यालयलाई महिनावारीमैत्री घोषणा गर्नुपर्ने अवस्था आएमा नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गरी आवश्यक जाँचसूची तथा मापदण्डको आधारमा त्यस्ता क्षेत्र वा निकायको अवस्थाको मूल्यांकन गर्ने दायित्व समेत यस समितिको हुनेछ ।

## ४.६ संस्थागत सरसफाइ एवम् सार्वजनिक क्षेत्र अनुगमन समिति

नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति वा नगरपालिकास्तरीय पूर्ण सरसफाइ अनुगमन समितिले आवश्यकता अनुसार संस्थागत सरसफाइ एवम् सार्वजनिक क्षेत्रको खानेपानी, सरसफाइ तथा स्वच्छताको आवधिक अनुगमनका लागि उपसमिति गठन गर्न सक्नेछ । थोरै समयमा धेरै संघसंस्था एवम् सार्वजनिक क्षेत्रको अनुगमन गर्नुपर्ने भएमा उपसमिति गठन गरिनेछ ।

यस उपसमितिले संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छताको आवधिक अनुगमन, योजनाको कार्यान्वयनको अवस्था, सुधार गर्नुपर्ने पक्षहरु, भैरहेका क्रियाकलाप, हासिल भैरहेको उपलब्धी, सुधारको गति, खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी भौतिक संरचनाको अवस्था, स्वच्छता सुविधा लगायतका विषयमा गुणस्तर अनुगमन(Qualitative Monitoring)गर्नेछ ।

पछिल्लो खण्डमा दिइएको छ ।

## ४.७नगरपालिका स्तरीय पूर्ण सरसफाइ अनुगमन समिति

नगरपालिका क्षेत्रभित्र पूर्ण सरसफाइ समग्र अवस्थाको अनुगमनका लागि नगरपालिकाका उप प्रमुखको अध्यक्षतामा नगरपालिका स्तरीय पूर्ण सरसफाइ अनुगमन समिति गठन गरिनेछ । नगरपालिका स्तरीय अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :

- नगरपालिका उप प्रमुख : संयोजक
- नगरपालिकाका प्रमुखप्र शासकीय अधिकृत : सदस्यसचिव
- नगरपालिकाका सरसफाइ फोकल पर्सन : सदस्य
- नगरकार्यपालिकाका सदस्य मध्येबाट एक जना : सदस्य
- वडा अध्यक्षमध्येबाट एक जना: सदस्य
- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट एक जना : सदस्य
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वा प्रतिनिधि मध्येबाट एक जना : सदस्य
- नगरपालिका क्षेत्रभित्रका प्रधानाध्यापकहरु मध्येबाट एक जना : सदस्य
- नगरपालिका स्तरीय बाल सञ्जालका प्रतिनिधि : सदस्य

यदि नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सरसफाइ फोकल पर्सनको जिम्मेवारीमा नरहेको अवस्थामा स्वास्थ्य शाखा प्रमुख र पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्थ ाभएको हकमा संस्थाका पालिका संयोजक वा तोकिएको सहजकर्ता नगरपालिका स्तरीय पूर्ण सरसफाइ अनुगमन समितिमा प्राविधिक सदस्यको रुपमा रहनेछन् ।

## ५. घरायसी तहको अनुगमन

पूर्ण सरसफाइ अभियान थालनी भएपछि अनुगमनको आधारभूततह घरधुरी नै हो । प्रत्येक घरधुरी सफा र स्वच्छ घरधुरीको रुपमा प्रमाणित हुनकालागि पूर्ण सरसफाइ मार्गदर्शनले निर्दिष्ट गरे बमोजिम र दुहबी नगरपालिकाले निर्धारण गरे बमोजिमतलका सूचकहरु पूरा गरेको हुनुपर्छ :

| मुख्य सूचक | सहायक सूचकहरू |
| --- | --- |
| **चर्पीको सुरक्षित प्रयोग** | चर्पी सुरक्षित र प्रयोगकर्ता मैत्री |
| | परिवारका सबैले चर्पीमा नै दिसापिसाव गर्ने गरेको |
| | चर्पीमा सरसफाइ सामग्री तथा पानीको उपलब्धता |
| | चर्पीको भित्र र बाहिरको सफाइ |
| | बच्चाको दिसाचर्पीमा बिसर्जन |
| | चर्पी प्रयोग गरेपछि साबुनपानीले हातधुने पहँच |
| **व्यक्तिगत सरसफाइ** | **जोखिमपूर्ण अवस्थामा साबुनपानीले हातधुने अभ्यास** |
| | खाना बनाउनुअघि |
| | खानाखानु वाखुवाउनु अघि |
| | बच्चा र विरामीको स्याहार गर्नुअघि |
| | दिसाधोएपछि |
| | फोहर छोएपछि |
| | विरामीको स्याहार गरेपछि |
| | **महिनावारी स्वच्छतासम्बन्धी ज्ञान र व्यवहार** |
| | महिनावारी स्वच्छतासम्बन्धी ज्ञान |
| | प्याडको उचितप्रयोग र विसर्जन |
| | नुहाउने र अन्य सरसफाइ |
| | **अन्यव्यक्तिगत सरसफाइ** |
| | नुहाउने, दाँतमाझ्ने, मुखधुने, सफा कपडा लगाउने आदि |

| | |
|---|---|
| **सुरक्षित पानीको प्रयोग** | पानीको भाँडा सफा, सुरक्षित |
| | घरायसी तहमा पानीको शुद्धीकरण |
| | धारा, मुहान, कलप्लेटफा सुरक्षित |
| | न्यूनतम पानी उपलब्धभएको |
| **सुरक्षित खानाको प्रयोग** | खानाको सुरक्षित भण्डारण |
| | भान्छा र भाँडा सफा |
| | पोषणयुक्त खानाको प्रयोग |
| | सिलौटो तथापकाउने भाँडा सुरक्षित |
| **घरायसी सरसफाइ** | घर आँगनको सफाइ |
| | फोहरको वर्गीकरण र व्यवस्थापन |
| | तरल फोहरको व्यवस्थापन |
| | धुवारहितभान्सा |
| | जुठ्यान, चाङ, मचानको व्यवस्था |
| | खोर गोठ व्यवस्थापन |

यो अनुगमन सम्बन्धित टोल समितिको अगुवाइमा कम्तिमा पनि महिनाको दुई पटक गर्नुपर्नेछ । अनुगमनका क्रममा सूचक र उपसूचकमा अंक मात्र दिनेभन्दा पनि घरायसी सरसफाइको समग्र अवस्थाका बारेमा सूचक र उपसूचकमा आधारित भएर अवलोकन, छलफल र सुधारात्मक पक्षको बारेमा घरधुरीलाई पूर्ण रुपमा जानकारी गराउनुपर्नेछ ।

घरायसी तहको अनुगमनको प्रभावकारिताका लागि प्रत्येक सूचक र सहायक सूचकको अंकभार निर्धारण गरिएको छ । अंकभार सहितको अनुगमन तालिका अनुसूचीमा दिइएको छ ।

यसरी अंकदिने अनुगमन फाराम प्रत्येक घरधुरीमा देखिनेगरी टाँस गर्नुपर्नेछ भने सोही अनुसारको अंकभार वडा वा टोलले तयार पारेको अनुगमन पुस्तिकामा समेत उतार गर्नुपर्नेछ ।

घरधुरीको अनुगमन गरी सूचक र सहायक सूचकमा अंकभार दिंदा मिश्रित टोली हुनु अनिवार्य हुनेछ ।

अन्तिम अनुगमनका क्रममा सबै सूचक र सहायक सूचक गरी प्रत्येक घरले कम्तिमा ९० अंक हासिल गरेमा सो घरलाई सफा र स्वच्छ घर घोषणा गर्न सकिनेछ । तर, यसरी अंक दिंदाकुनै पनि मूल सूचकमा ८५ प्रतिशत भन्दा कम अंक आएमा कूल अंक ९० वा सोभन्दा बढी प्राप्त गरे पनि त्यस घरलाई सफा र स्वच्छ घर घोषणा गर्न सकिने छैन ।

कुनै घरमा बालबालिका नभएमा, गाई बस्तु पाल्ने नगरेको भएमा, महिनावारी उमेर समूहको महिला नभएमा ती विषयसँग सम्बन्धित सूचकमा त्यस परिवारका सदस्यहरुको ज्ञान वा जानकारीको तह र धारणाको आधारमा अंक दिइने छ ।

उदाहरणका लागि, सो परिवारमा महिनावारी उमेर समूहका महिला सदस्य नभएको खण्डमा, यदि परिवारका सदस्यहरुमा महिनावारी सम्बन्धी जानकारी छ, महिनावारीको समयमा सरसफाइमा ध्यानदिनुपर्ने कुराहरुको बारेमा जानकारी छ र उनीहरुले आवश्यक परेको खण्डमा छिमेकीलाई महिनावारी सरसफाइ तथा स्वच्छताको बारेमा आवश्यक जानकारी दिन सक्छन् भने त्यस परिवारलाई महिनावारी सरसफाइ तथा स्वच्छता शीर्षकमा पूरा अंक प्रदान गर्न सकिनेछ ।

## ६. विद्यालयतहको सरसफाइको नियमित अनुगमन

दुहबी नगरपालिकाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि पारित नगरुञ्जेल सम्मका लागि नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार पारेको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधिलाई नै विद्यालयतहको पूर्ण सरसफाइ अनुगमनका लागि मुख्य आधार मानिने छ ।

विद्यालयतहको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थाको मूल्यांकन मूलत:निम्न लिखित तीन तहमा गरिने छ :

- नियमित सरसफाइको अवस्था

- विद्यालय सरसफाइ प्रवर्द्धनकालागि सात झण्डे अवधारणा अनुरुपको अंक सहितको अनुगमन
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ (संशोधन २०७६) अनुरुपको प्रमाणीकरण अनुगमन

विद्यालयको सरसफाइ अवस्थाको नियमित अनुगमनका क्रममा तपसिल बमोजिमको जाँच सूचीप्रयोग गरी गुणात्मक अनुगमनमा जोड दिनुपर्नेछ :

| क्र.सं. | क्षेत्र | अवस्था | | | सुझाव |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | कमजोर | |
| १. | चर्पीको सरसफाइ | | | | |
| २. | यूरिनलको सरसफाइ | | | | |
| ३. | चर्पीमा सरसफाइ सामग्री | | | | |
| ४. | साबुनपानीले हातधुने व्यवस्था | | | | |
| ५. | हातधुने ठाउँमा साबुनको उपलब्धता | | | | |
| ६. | हातधुने स्थान प्रयोगकर्तामैत्री | | | | |
| ७. | धाराको सरसफाइ | | | | |
| ८. | कम्पाउण्डको सरसफाइ | | | | |
| ९. | पिउने पानीको व्यवस्था | | | | |
| १०. | पिउने पानीमा पहुँच | | | | |
| ११. | कक्षा कोठाको सरसफाइ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | फोहर जम्मा गर्ने र जलाउने ठाउँको सञ्चालन | | | | |
| १३. | स्यानिटरी प्याड विसर्जन गर्ने स्थलको प्रयोग | | | | |
| १४. | उज्यालो, चर्पीका चुकुलआदिको अवस्था | | | | |
| १५. | कक्षा कोठाभित्र डस्टबिनको अवस्था | | | | |
| १६. | कक्षा कोठाभित्र सफा गर्ने सामग्रीको अवस्था | | | | |
| १७. | कक्षा कोठा, चर्पी, कम्पाउण्ड आदि सफा गर्ने तालिका | | | | |
| १८. | तालिका अनुसार सफाइको अवस्था | | | | |
| १९. | कुहिने फोहरलाई कम्पोष्ट बनाउने अभ्यास | | | | |
| २०. | प्लास्टिक जन्य फोहरको उचित व्यवस्थापनको अवस्था | | | | |
| २१. | शिक्षक र विद्यार्थीले प्रयोग गर्ने चर्पी एउटै गरे नगरेको | | | | |
| २२. | विद्यालयमा खाजा उपलब्ध गराउने गरेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएमा सोको स्वच्छताको अवस्था | | | | |
| २३. | भान्छा र भाँडाकुँडाको सफाइ | | | | |
| २४. | बालक्लबको योजना निर्माणको अवस्था | | | | |
| २५. | बालक्लबको सक्रियता | | | | |
| २६. | बाल क्लबउपसमितिहरुको सक्रियता | | | | |
| २७. | महिनावारी सरसफाइ व्यवस्थापन समितिको सक्रियता | | | | |
| २८. | क्षमता अभिवृद्धिका क्रियाकलाप | | | | |
| २९. | सरसफाइ सम्बन्धी व्यवहारिक सिकाइको अवसर | | | | |

यसरी अनुगमन गरिसकेपछि अनुगमनका क्रममा भेटिएका तथ्यहरु उपर विद्यालयका सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, बालक्लब, महिनावारी सरसफाइ तथा स्वच्छता सरोकार समूह, जेण्डर फोकल शिक्षक, सरसफाइ फोकल शिक्षक) सँग छलफल गर्नुपर्छ । छलफलमा राम्रा पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरुलाई स्पष्ट रुपमा सरोकारवालाहरुलाई प्रष्ट पार्नुपर्छ । साथै, कहिलेसम्म के के सुधार गर्ने कार्ययोजना बनाउन लनगरदा सुधारको कामले तीव्रता पाउँछ ।

# ७. विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात भ्रूण्डे अवधारणा

विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात झण्डे अवधारणा नेपाल सरकार र विश्व स्वास्थ्य संगठनले थालनी गरेको एक विधिहो । सात झण्डे अवधारणा अनुसार पनि विद्यालयलाई पूर्ण सरसफाइको अवस्थामा तीन तारा (***) मा पुऱ्याउने नै हो । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तीन तारा सम्मपुग्ने माध्यम सात झण्डे अवधारणा हो । त्यसैले, सात झण्डे अवधारणालाई कार्यान्वयनको पद्धति समेत भनिन्छ ।

सात झण्डे अवधारणा अनुसार विद्यालय खानेपानी, सरसफाइ र स्वच्छताका सात मुख्य सूचकलाई आधार मानिन्छ, जुन तपसिल बमोजिम रहेका छन् :

- चर्पीको प्रयोग
- हातधुने अभ्यास र व्यक्तिगत सरसफाइ तथा स्वच्छता
- महिनावारी सरसफाइ तथा स्वच्छता
- खानेपानी, सरसफाइ र स्वच्छतामा समता
- सुरक्षित पानी
- सुरक्षित खाना
- वातावरणीय सरसफाइ

यी सात सूचकका सात झण्डा तयार पारिन्छ । थालनीमा विद्यालयमा सात झण्डा वा सात सूचकमा काम गर्ने सात वटा समिति गठन गरिन्छ । यसरी गठन गर्ने समितिको संयोजन विद्यार्थीहरुले नै गर्दछन् । सम्भव भएसम्म सातवटै समूहमा समूहशिक्षकको रुपमा एक एकजना शिक्षकले नेतृत्व गरेमा राम्रो हुन्छ ।

झण्डा राख्नुभन्दा अगाडि सात वटै क्षेत्रका उपसूचकको अवस्थाको आधारमा स्वमूल्यांकन गरी अंक दिइन्छ । यसरी अंकदिंदा सात वटै सूचकको कूल १०० अंकभारका आधारमा मूल्यांकन गरिन्छ ।

सात वटा झण्डा राख्नका लागि सात वटा डण्डी प्रयोग गरिन्छ । ती डण्डीमा तलदेखि माथि न्यूनतम १० देखि अधिकतम १०० सम्म हुने गरी १० वटा चिनो लगाइन्छ । स्वमूल्यांकनका आधारमा त्यस सूचकले जति अंकभार प्राप्त गरेको छ, झण्डा त्यही उचाइमा राखिन्छ ।

झण्डा राख्ने दिनमा सात वटै समूहले आफ्नो झण्डाको उचाइलाई १०० मा पुऱ्याउनका लागि योजना समेत बनाएर सार्वजनिक गर्नुपर्ने हुन्छ भने सम्पूर्ण विद्यालय परिवारले सबै झण्डालाई उचाइमा पुऱ्याउनका लागि सामुहिक प्रतिवद्धता समेत गर्नुपर्ने हुन्छ ।

सात उपसूचक र त्यसका सहायक सूचक अंक भार सहित तल दिइएको छ :

| सूचक र उपसूचकहरू | प्राप्तांक | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **चर्पीको प्रयोग (२०)** | | | |
| छात्र छात्राका लागिअलग्गै चर्पी (५) | | | |
| छात्र छात्राका लागिअलग्गै यूरिनल (३) | | | |
| चर्पी र यूरिनल सफागर्ने अभ्यास (२) | | | |
| पानीको पर्याप्तता (३) | | | |
| हातधुने स्थान(२) | | | |
| हातधुने सामग्री(३) | | | |
| गोपनियता र सुरक्षा(२) | | | |
| **कूल** | | | |
| **हातधुने वानी र व्यक्तिगतसरसफाइ( १०)** | | | |
| स्वच्छता शिक्षा(२) | | | |
| हात धुन अभ्यास (२) | | | |
| दाँतमाझ्ने,नङ र कपाल काट्ने (२) | | | |
| कपडाको सफाइ(२) | | | |
| शरीर नुहाउने र अन्य सफाइ(२) | | | |

| | | | |
|---|---|---|---|
| **कूल** | | | |
| **महिनावारी सरसफाइ (१५)** | | | |
| विद्यालयमामहिनावारी सरसफाइव्यवस्थापनकालागिअतिरिक्त समय व्यवस्थापन(३) | | | |
| महिनावारीको समयमाविद्यालयभित्र छोइछिटो हुने गरे नगरेको (३) | | | |
| उपयुक्त स्यानिटरी प्याडको प्रयोग (३) | | | |
| स्यानिटरी प्याडको विसर्जन (३) | | | |
| स्यानिटरी प्याडको उपलब्धता(३) | | | |
| **कूल** | | | |
| **खानेपानी, सरसफाइ तथा स्वच्छतामा समता (१०)** | | | |
| अपांगता भएका व्यक्तिहरुका लागि खानेपानीमा पहुँच (२) | | | |
| जात, धर्म, लिंग र अवस्थाका हाधारमा अविभेद (२) | | | |
| सबैका लागि र सधैंका लागि स्वच्छ पिउने पानी (२) | | | |
| सबैका लागिप्रयोगकर्तामैत्रीचर्पीको प्रवन्ध (२) | | | |
| सरसफाइ सामग्रीमा सबैको पहुँच (२) | | | |
| **कूल** | | | |
| **सुरक्षितपानी (२०)** | | | |
| पानीको पर्याप्तता(८) | | | |
| पानीको श्रोतको सुरक्षा (३) | | | |
| खानेपानी सुरक्षा योजनालागू भएको (३) | | | |
| पानीको शुद्धीकरण गर्ने गरेको (४) | | | |
| पानी स्वीकार्य (२) | | | |
| **कूल** | | | |
| **सुरक्षितखाना(१५)** | | | |
| खानावाखाजाको भाँडो सुरक्षित(२) | | | |
| खानावाखाजाततताउने सुविधा(२) | | | |

| | | | |
|---|---|---|---|
| विद्यालयमा सफा र स्वच्छ खाजाको उपलब्धता (विद्यालयको तर्फबाट उपलब्ध गराउने या क्यान्टिन) (२) | | | |
| वरिपरी पत्रु खानाको बिक्रीवितरण नगर्ने गरिएको (२) | | | |
| खाना तयार गर्ने सामग्रीको स्वच्छता र सफाइ(३) | | | |
| खाना वा खाजा बनाउने ठाउँको सफाइ(२) | | | |
| खाना वा खाजा बनाउने भाँडाको सफाइ(२) | | | |
| **कूल** | | | |
| **वातावरणीय सरसफाइ (१०)** | | | |
| पर्याप्त डस्टबिनको व्यवस्था(२) | | | |
| कक्षा कोठाको सफाइ(२) | | | |
| ठोस फोहरको वर्गीकरण र व्यवस्थापन(२) | | | |
| बगैचा र खेल मैदानको व्यवस्थापन(२) | | | |
| तरल फोहर व्यवस्थापन(२) | | | |
| **कूल जम्मा :१००** | | | |
| **कूलप्राप्तांक** | | | |

माथिको तालिका अनुसार सात वटै सूचकको अंक जोड्दा कूल १०० प्राप्तहुने भएपनि, प्रत्येक सूचकको पूर्णांकको आधारमा जति प्रतिशत अंकभार प्राप्त भएको छ, सोही आधारमा झण्डाको उचाइ कायम गरिन्छ । उदाहरणका लागि, पहिलो सूचक **चर्पीको प्रयोग**मा कूलअंक २० भएपनि, प्राप्तांक १५ छ भने त्यो ७५ प्रतिशत हुन आउँछ, जसको आधारमा झण्डाको उचाइ तय गरिन्छ ।

## ८. स्वास्थ्य संस्थाको अनुगमन

स्वास्थ्य संस्था विरामीको उपचार गर्ने ठाउँमात्र होइनन्, समुदाय सरसफाइ तथा स्वच्छताको प्राविधिक र व्यवहारिक ज्ञान दिने सिकाइका केन्द्रसमेत हुन् । स्वास्थ्य संस्था नै सरसफाइ तथा स्वच्छताको पहिलो श्रोत केन्द्र समेत हुन्

। त्यसैले स्वास्थ्य संस्थाको महत्वका आधारमा यिनलाई नमूना बनाउनेगरी वार्षिक योजना तय गर्नुपर्छ । अनुगमन गर्दा समेत सोही वार्षिक योजनाका आधारमा सूचकहरु निर्धारण गरी अनुगमन गर्नुपर्दछ ।

स्वास्थ्य संस्थाको अनुगमन कम्तिमा पनि मासिक रुपमा गर्नुपर्नेछ । नगरपालिकाको मूलअनुगमन समितिले सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारी र नगरपालिकाका स्वास्थ्य संयोजक समेतको सहभागितामा स्वास्थ्य संस्थाको अनुगमन गर्नेछ ।

यसरी अनुगमन गर्दा देखिएका तथ्यहरु उपर सम्बन्धित स्वास्थ्य संस्थामा नै प्रस्तुती र छलफल गरी संस्थाको वार्षिक योजनामा समावेश गर्नुपर्छ । अनुगमन प्रतिवेदन नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा प्रस्तुत गर्नुपर्छ भने सुधारका लागि थप क्रियाकलाप गर्नुपर्ने भएमा स्वास्थ्य संयोजक मार्फत नगरपालिकामा पठाउनु पर्दछ ।

स्वास्थ्य संस्थाको अनुगमनमा प्रयोग गरिने जाँचसूची तलदिइएको छ :

| **सूचक** | **हालको अवस्था** | | | **सुधार गर्नुपर्ने कुराहरू** |
|---|---|---|---|---|
| | **उत्तम** | **मध्यम** | **कमजोर** | |
| **पानीको व्यस्था** | | | | |
| पिउने पानीको पर्याप्तता | | | | |
| सफाइका लागि पानीको पर्याप्तता | | | | |
| पिउने पानीको गुणस्तर जाँच गर्ने गरेको या नगरेको | | | | |

| | | | | |
|---|---|---|---|---|
| पानी परीक्षण गर्ने गरेको भएमा कस्तो परीक्षण गर्ने गरेको (भौतिक परीक्षण, जैविक परीक्षण, रासायनिक परीक्षण आदि) | | | | |
| पानी शुद्धीकरणको अभ्यास र किसिम | | | | |
| विरामीका लागि आवश्यकता अनुसार उमालेको पानीको व्यवस्था भए नभएको | | | | |
| **चर्पीको उपलब्धता** | | | | |
| सेवाग्राहीका लागिचर्पीको व्यवस्था | | | | |
| सेवाग्राहीका लागिअलग्गै यूरिनलको व्यवस्था | | | | |
| चर्पी र यूरिनलको पर्याप्तता | | | | |
| चर्पीको सफाइ, चर्पीमा पानीको व्यवस्था | | | | |
| चर्पी सफा गर्ने सामग्रीको व्यवस्था | | | | |
| प्रयोगकर्तामैत्री/महिनावारीमैत्री | | | | |
| **कार्यकक्षहरुको सफाइ** | | | | |
| औषधी भण्डारण कक्षको सफाइ | | | | |
| फार्मेसीको सफाइ | | | | |
| कार्यकक्षहरुको सफाइको अवस्था | | | | |

| | | | | |
|---|---|---|---|---|
| कार्यकक्षहरुमा डस्टबिनको व्यवस्था | | | | |
| अस्पतालमा प्रयोग हुने कपडाहरुको सफाइको अवस्था | | | | |
| कार्यकक्षको सिलिङ र पर्खालहरुको सफाइको अवस्था | | | | |
| **फोहर व्यवस्थापन** | | | | |
| फोहर वर्गीकरण र व्यवस्थापनको अवस्था | | | | |
| अस्पतालजन्य फोहरको व्यवस्थापन | | | | |
| खेर जाने पानीको व्यवस्थापन | | | | |
| कम्पाउण्डको सरसफाइको अवस्था | | | | |
| कार्यालयको सौन्दर्यकरण | | | | |
| **समावेशी स्वच्छता सुविधा** | | | | |
| कर्मचारीले साबुनपानीले हातधुने निश्चित, व्यवस्थित र पर्याप्त स्थानभएनभएको | | | | |
| विरामी र अन्य सेवाग्रहीले साबुनपानीले हातधुने निश्चित, व्यवस्थित र पर्याप्त स्थानभएनभएको | | | | |
| खानेपानी र सरसफाइ सुविधा सबैका लागि उपयुक्त भएनभएको | | | | |
| खानेपानी र सरसफाइ सुविधा सबैका लागि उपयुक्त नभएको | | | | |

| | | | | |
|---|---|---|---|---|
| भएमा कस्तो किसिमको अनुपयुक्तता भएको ? | | | | |
| **स्वच्छता शिक्षा र अभ्यास** | | | | |
| स्वास्थ्य संस्थामा विरामी र सेवाग्राहीले सरसफाइ र स्वच्छताको बारेमा सिक्न वा जान्नचाहेमा सोका लागि उपयुक्त व्यवस्था भएनभएको ( हेल्प डेस्क वा सूचना डेस्क, IEC/BC सामग्रीको उपलब्धता र व्यवस्थापन, स्वास्थ्य संस्थाभित्र सरसफाइ र स्वच्छताको अभ्यास, उदाहरणका लागि साबुन पानीले हातधोएर मात्र भित्रजानु पर्ने व्यवस्था आदि) | | | | |

यसरी अनुगमनगर्दा सरसफाइको अवस्था उत्तम भएमा त्यसलाई कसरी कायम राख्ने र थप परिस्कृत बनाउन सकिने उपायको खोजी गर्नुपर्छ, किनकि उत्कृष्टताको कुनै पनि सीमा हुँदैन ।

# ९.अन्य संघसंस्था र कार्यालयको अनुगमन

सम्पूर्ण संस्था वा कार्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा त्यहाँकाकर्मचारी वा सदस्यहरुका लागि  मात्रनभै सेवाग्राहीका लागि समेत उपलब्ध हुने, प्रयोगकर्तामैत्री र उपयुक्त हुनुपर्छ । संस्थागत सरसफाइ सुविधा सबैको प्रयोगका लागि हुन् । त्यसैले ती सुविधाहरु बालबालिका, अपांगता भएका व्यक्तिहरु, वृद्धवृद्धा सबैका लागि उपयुक्त हुनुपर्छ । यसैगरी कार्यालयका सरसफाइ सुविधा महिनावारीमैत्री हुनु पनि आवश्यक हुन्छ ।

कार्यालयहरुको सरसफाइ तथा स्वच्छताको अवस्थाको अनुगमन कम्तिमा पनि दुई महिनाको एक पटक गर्नुपर्छ । यस अनुगमन समेत नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिले नै गर्दछ ।

अनुगमन गरिसके पछि सेवाग्राही र कार्यालयका पदाधिकारीसँग छुट्टाछुट्टै छलफल गरी निस्कर्षलाई नगरपालिकास्तरीय खानेपानी, सरसफाइतथा स्वच्छता समन्वय समितिको नियमित बैठकमा प्रस्तुत गर्नुपर्छ ।

संघसंस्था र कार्यालयको अनुगमनको जाँचसूची तलदिइएको छ :

| सूचक | हालको अवस्था | | | सुधार गर्नुपर्ने कुराहरू |
|---|---|---|---|---|
| | उत्तम | मध्यम | कमजोर | |
| **पानीको व्यस्था** | | | | |
| पिउने पानीको पर्याप्तता | | | | |
| सफाइकालागि पानीको पर्याप्तता | | | | |
| पानी शुद्धीकरणको अभ्यास र किसिम | | | | |
| **चर्पीको उपलब्धता** | | | | |
| कर्मचारी वा सदस्यका लागि चर्पीको व्यवस्था | | | | |
| सेवाग्राहीका लागि चर्पीको व्यवस्था | | | | |
| सेवाग्राहीका लागि अलग्गै यूरिनलको व्यवस्था | | | | |
| चर्पी र यूरिनलको पर्याप्तता | | | | |
| चर्पीको सफाइ, चर्पीमा पानीको व्यवस्था | | | | |

| | | | | |
|---|---|---|---|---|
| चर्पी सफा गर्ने सामग्रीको व्यवस्था | | | | |
| प्रयोगकर्तामैत्री/महिनावारीमैत्री | | | | |
| **कार्यकक्षहरुको सफाइ** | | | | |
| कार्यकक्षहरुको सफाइको अवस्था | | | | |
| कार्यकक्षहरुमा डस्टबिनको व्यवस्था | | | | |
| कार्यकक्षको सिलिङ र पर्खालहरुको सफाइको अवस्था | | | | |
| **फोहर व्यवस्थापन** | | | | |
| फोहर वर्गीकरण र व्यवस्थापनको अवस्था | | | | |
| खेर जाने पानीको व्यवस्थापन | | | | |
| कम्पाउण्डको सरसफाइको अवस्था | | | | |
| कार्यालयको सौन्दर्यकरण | | | | |
| **समावेशी स्वच्छता सुविधा** | | | | |
| कर्मचारीले साबुनपानीले हातधुने निश्चित, व्यवस्थित र पर्याप्त स्थान भए नभएको | | | | |
| विरामी र अन्य सेवाग्रहीले साबुन पानीले हातधुने निश्चित, व्यवस्थित र पर्याप्त स्थान भए नभएको | | | | |
| खानेपानी र सरसफाइका सुविधा सबैका लागि उपलब्ध भए नभएको | | | | |

| | | | | |
|---|---|---|---|---|
| खानेपानी र सरसफाइ सुविधा सबैका लागि उपयुक्त नभएको भएमा कस्तो किसिमको अनुपयुक्तता भएको ? | | | | |

# १०. सार्वजनिक स्थलको अनुगमन

घर र बस्तीहरुलाई सफा र स्वच्छ क्षेत्र घोषणा गर्नका लागि सार्वजनिक स्थलहरुको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थाले त्यति धेरै फरक नपार्ने भएपनि, वडा र नगरपालिकालाई नै सफा र स्वच्छ क्षेत्र घोषणा गर्नका लागि सार्वजनिक स्थलको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्थाले प्रभाव पार्दछ ।

त्यसैले, पहिलो अनुगमन पश्चात् सार्वजनिक क्षेत्रको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था सुधारका लागि नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनामा उल्लेख भएबमोजिम सार्वजनिक क्षेत्रको सुधार योजना तयार गरिनेछ ।

सो सुधार योजना तयार गर्दा पहिलो पटक सो क्षेत्रको अनुगमन गर्दा प्राप्त तथ्यको आधारमा गरिनेछ। त्यसपछिका दिनमा वास योजना कार्यान्वयनमा आएपछि प्रत्येक दुई महिनामा सार्वजनिक स्थलको वासको अवस्थाको अनुगमन गरी नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकमा नियमित एजेण्डाको रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

सहश्राव्दी विकास लक्ष्यले समेत सार्वजनिक स्थलहरु सबैका लागि अनुकूल हुने गरी व्यवस्थापन गर्नुपर्नेमा जोड दिएको छ । विशेषगरी दिगो विकास लक्ष्यको ११.७ ले २०३० सम्ममा विशेष गरी महिला, बालबालिका, वृद्धवृद्धा तथा अपांगता भएका व्यक्तिहरु लगायत सबैको लागि सुरक्षित, समावेशी र पहुँच योग्य, हरित तथा सार्वजनिक खुल्ला ठडाउँहरुको पहुँच सर्वसुलभ गर्ने

कुरामा जोड दिएको छ। त्यसैले सार्वजनिक क्षेत्रहरुमा खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा अधिकारमुखी अवधारणालाई जोड दिइनुपर्छ ।

वास योजनालाई कार्यान्वयनमा ल्याउने क्रममा आवश्यक भएमा सार्वजनिक स्थल खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि नगरपालिकाको वातावरण शाखा वा सामाजिक विकास समितिको अधीनमा रहनेगरी एक उपसमिति समेत गठन गर्न सकिनेछ ।

सार्वजनिक क्षेत्रको खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमनका लागि आवश्यक जाँच सूची तलदिइएको छ :

| **सूचक** | **हालको अवस्था** | | | **सुधार गर्नुपर्ने कुराहरू** |
|---|---|---|---|---|
| | **उत्तम** | **मध्यम** | **कमजोर** | |
| **सार्वजनिक स्थलमा खानेपानी तथा सरसफाइ सुविधाहरु** | | | | |
| सार्वजनिक स्थलमा फोहर संकलन गर्ने सामग्रीको उपलब्धता | | | | |
| सार्वजनिक शौचालयको व्यवस्था | | | | |
| यूरिनलको व्यवस्था | | | | |
| चर्पी र यूरिनलको सफाइको प्रवन्ध | | | | |
| महिनावारीमैत्री चर्पीको व्यवस्था | | | | |
| बालबालिकामैत्री संरचनाहरु | | | | |
| बजार क्षेत्र र अन्य सार्वजनिक क्षेत्रमाफोहर व्यवस्थापन प्रणाली | | | | |

| | | | | |
|---|---|---|---|---|
| सार्वजनिक पिउने पानीको व्यवस्था | | | | |
| सार्वजनिक चर्पी प्रयोग पछि हातधुने व्यवस्था | | | | |
| खेल मैदान, पार्क लगायतका स्थानमा साबुनपानीले हातधुने व्यवस्था | | | | |
| **फोहर व्यवस्थापन** | | | | |
| सार्वजनिक स्थल सरसफाइको अवस्था र तालिका (यदिभएमा) | | | | |
| आवधिक सफाइ अभियान व्यवस्थापन कसरी भैरहेको छ ( यदिभएमा) | | | | |
| चर्पी र यूरिनलको व्यवस्था भएको भए दिसाजन्य लेदोको व्यवस्थापन कसरी भैरहेको छ ? | | | | |
| संकलन हुने फोहरलाई कसरी व्यवस्थापन गर्ने गरिएको छ ? | | | | |
| यदिजम्माभएको फोहरलाई बाहिर लगिन्छ भने लैजाने व्यवस्था कस्तो छ ? | | | | |

# ११. खानेपानी प्रणालीको अनुगमन

खानेपानी प्रणालीहरुमा सरसफाइतथा स्वच्छता प्रवर्द्धनले पूर्ण सरसफाइको संस्थागतकरण र समुदायको आनिवानी परिवर्तनमा सघाउँछन् । त्यसैले खानेपानी प्रणालीहरुको आवधिकअनुगमन गरी सुधार योजनातयार गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

नगरपालिका स्तरीय अनुगमन समितिले कम्तिमा पनि तीन महिनाको एक पटक खानेपानी प्रणालीहरुको अनुगमन गर्नेछ भने अर्धवार्षिक रुपमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ र जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग संयुक्त रुपमा अनुगमन गर्नेछ ।

अनुगमन गरिसके पछि प्राप्त तथ्यहरुलाई संयुक्त बैठकको आयोजना गरी प्रस्तुत गर्नेछ । सोको आधारमा सुधार योजना तयार गरिनेछ ।

प्रत्येक खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना तयार गरी लागू गर्न सघाउने सोंच दुहबी नगरपालिकाको रहेको छ । त्यसैले सम्बन्धित उपभोक्ता समिति, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र सम्बन्धित अन्य सरोकारवालाको सहयोग एवम् विकास साझेदारसँगको साझेदारीमा खानेपानी सुरक्षा योजना लागू गर्ने कुरामा जोड दिनेछ ।

सो अवधि सम्मका लागि खानेपानी आयोजनाहरुको अनुगमनका लागि तलको जाँच सूचीप्रयोग गरिनेछ:

- आयोजनाको प्राविधिक पक्ष
    - आयोजनाको क्षमता (लिटर प्रति सेकेण्ड)
    - प्रति व्यक्ति प्रति दिन खानेपानी खपत दर
    - उपभोक्ताले पानी लिन लाग्ने अधिकतम समय

- पानीको श्रोतको किसिम (सुधारिएको, सुरक्षित वा सामान्य)
- पानी वितरणको किसिम (प्रतिदिन निश्चित घण्टा/दिनको एक पटक/दिनको दुई पटक/ दिनको तीन पटक/ अन्य)
- श्रोतको सुरक्षा

- क्षमता अभिवृद्धि
  - हालको उपभोक्ता समितिलाई दिइएका तालिमको विवरण
  - यस अघिको उपभोक्ता समितिलाई दिइएको तालिमको विवरण
  - छनौट गरिएका उपभोक्ताहरुलाई दिइएको तालिमको विवरण
  - मुख्य तालिमहरु, सञ्चालन भएको कसको सहभागिता, तालिम अवधि
    - खानेपानी आयोजना व्यवस्थापन तालिम
    - समुदायका लागि सरसफाइ तथा स्वच्छता तालिम
    - सामाजिक परिचालन तालिम
    - खानेपानी सुरक्षा तालिम
    - पूर्ण सरसफाइ तालिम
    - सामुदायिक योजना निर्माण तालिम
    - खानेपानी सुरक्षा योजना निर्माण तालिम
    - अन्यतालिम
  - मर्मत सम्भार
    - समितिको मर्मत समभार कोष छ ? छ भने कतिबाट थालनी गरिएको थियो, र हाल कति पुगेको छ ?
    - कोष वृद्धि कसरी गर्ने गरिएको छ ?
    - उपभोक्ताबाट मर्मत सम्भार कोषका लागि रकमजम्मा गरिएको छ भने कति?

- मर्मत सम्भार कार्यकर्ता छन् या छैनन् ?
- छन् भने, कतिजना, कुन दक्षता र क्षमताका छन् ?उनीहरुले कुन तहसम्मको मर्मत सम्भार गर्न सक्छन् ?
- मर्मत सम्भार कार्यकर्ताका लागि आयोजनाले प्रतिवर्ष गर्ने खर्च
- आयोजनाको प्रति वर्षको आम्दानी
- आयोजनाको प्रति वर्षको खर्च
- रकम अपुग भएमा कहाँबाट कसरी व्यवस्थापन गर्ने गरिएको छ ?

- उपभोक्ता समितिले बनाएका आवश्यक नीतिनियमको विवरण
- उपभोक्ता समितिको दीर्घकालीन योजना
- खानेपानी सुरक्षा योजना निर्माणको योजना भएनभएको, भएकहिलेसम्म बनाउने ?
- उपलब्ध गराइरहेको पानीको गुणस्तर
- पानीको जाँच गर्ने सुविधा उपलब्ध भएनभएको
- भित्रै नभएपानीको जाँच गर्न कहाँ लगिन्छ ?
- कतिकति अवधिमा पानीको गुणस्तर जाँच गरिन्छ र कुनकुनजाँच गरिन्छ ?
- उपभोक्ताका गुनासा सुन्ने पद्धति
- उपभोक्ताका गुनासा सम्बोधन गर्ने पद्धति

माथिको जाँच सूचीले खानेपानी आयोजनाको भौतिक अवस्था र पानीको गुणस्तर तथा सुरक्षा मात्रनभै खानेपानी आयोजनालाई दिगो, उपभोक्तामुखी र समावेशी बनाउन समेत सघाउँछ । यसले उपभोक्ता, पदाधिकारी एवम् सदस्यहरुको क्षमता अभिवृद्धिमा समेत जोड दिन्छ ।

यस किसिमको विवरण नगरपालिकाको वास योजनामा समेत समावेश भएको छ । वास योजनामा समावेश गरिसकेपछि सो आयोजनावा प्रणालीमा के के सुधार भएछन् भन्ने कुरा माथिको जाँच सूचीबाट जानकारी पाउन सकिन्छ ।

## १२. विपदको् अवस्थामा गरिने आपतकालीन अनुगमन

नेपाल एक विकासोन्मुख देश हो, विश्वमा देखिदै आएका नविन चुनैातीलाई पहिचान गरी उच्च सतर्कता अपनाउदै गएमा जोखिम न्यूनीकरण गर्न सकिन्छ । विपद् जुनसुकै कारणवाट पनि हुन सक्दछ त्यसैले सोवाट हुने क्षति न्यून गर्न उच्च सतर्कता अपनाउनु पर्दछ भनेर नै नेपाल सरकारले केन्द्र, प्रदेश र स्थानिय तहमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना वनाउने र सो अनुरुप क्रियाशील हुन दिशानिर्देश गरे अनुरुप सवै प्रदेश र स्थानीय तहमा त्यस्ता योजनाहरु वन्ने क्रम केही वर्ष देखि शुरु भइरहेको अवस्था हो ।

दहबी नगरपालिकामा नदीनालाहरु रहेका छन् जसका कारण, वर्षेनी स्थानीय वासीहरुलाई कटान र पटान जस्ता बाढीजन्य विपत्तिले सताईरहेको हुन्छ । भौगोलिक रुपमा पहिरोको जोखिम पनि उत्तिकै छ । अन्य प्रकोपहरु जस्तै आगलागी, हुरि बतास र महामारीले पनि धनजनको नोक्सानी भइरहेको पाईन्छ । विगतलाई हेर्दा वि.सं. २०७२ सालको विनाशकारी भुकम्प गाउँपालिकाको इतिहासमा क्षती र नोक्सानीको दृष्टीले सबैभन्दा ठूलो भन्न सकिन्छ । प्रकोपमा काम गर्ने संस्थाहरुका लागि विगतको यस बाढीले सिक्नु पर्ने र सिकाउनु पर्ने थुप्रै पक्षहरु छोडेर गएको छ ।

प्राकृतिक विपद्वाट जिल्लाले वर्षेनी धेरै धनजनको क्षति व्यहोर्नु परिरहेको छ । यस्ता विपत्तीहरुलाई नसकिए तापनि सम्भावित जोखिमलाई न्यूनिकरण गर्न मात्र सम्भव छ । सो पनि सवै निकाय एवं समुदायको पूर्व सतर्कता, सम्भावित जोखिमलाई कम गर्ने प्रण र लगनशिलतामा निर्भर रहन्छ । साथै न्यून सरसफाइ, असुरक्षित खानेपानी, फोहरको उचित व्यवस्थापनमा कमी, जलवायु परिवर्तनवाट पृथ्वीको उष्णतामा भएको वढोत्तरी, मानव जातीवाट प्रकृतिमाथि वढ्दो हस्तक्षेप, वातावरण प्रदुषण जस्ता विषयले

हाम्रो वातावरण र पारिस्थितिक प्रणाली (इको सिस्टम) लाई नै असर पुऱ्याएको देखिन्छ ।

विपद् बाजा बजाएर आउदैन तर जहाँ समस्याहरु देखिन्छ त्यसलाई समाधान गर्ने उपायहरु पनि हुन्छ तर समस्याको पहिचान एवं समाधानको खोजी हुनुपर्दछ । त्यसैले दुहबी नगरपालिकाले पनि विषयगत क्षेत्रका आधारमा विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना तयार गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा हुनसक्ने विपत्ति र आवश्यक पर्ने मानवीय तथा भौतिक सहयोग सहितको विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना तयारीलाई प्राथमिकतामा राखेको हुनाले भैपरी आएका सबै विपद् एवम् महामारीको समयमा सम्बन्धित खानेपानी सरसफाइ तथा स्वच्छता मापदण्ड अनुरुप अनुगमन गर्नेछ ।

## १२.१ कोभिडको अवधिभरि क्वारिन्टिन, आइसोलेसन एवम् होम क्वारेन्टिन र होम आइसोलेसनमा गरिने अनुगमन

हाल विश्व नै कोभिड महामारीको चपेटामा परिरहेको हुनाले नुवाकोट जिल्ला एवम् लिखु गाउँपालिका समेत यसबाट अछुतो रहन सकेको छैन । यसर्थ पालिका भित्र रहेका सम्पूर्ण क्वारिन्टिन एवम् आइसोलेसन वार्डको नेपाल वास क्लस्टरबाट जारी गरेको **कोभिड १९ क्वारेटिन र आइसोलेसन केन्द्रका लागि खानेपानी, सरसफाइ तथा स्वच्छताको न्यूनतम् स्तर मापदण्ड** अनुरुप अनुगमन गर्नेछ ।

# १३. प्रमाणीकरण प्रक्रिया

पूर्ण सरसफाइ अभियानको अर्को चरण प्रमाणीकरण (Validation)हो । पूर्ण सरसफाइ अभियानका लक्षित इकाइहरु (घरधुरी, कार्यालय/संघसंस्था, विद्यालय, स्वास्थ्य चौकी, टोल, वडा र सार्वजनिक क्षेत्र) को प्रमाणीकरण अनुगमन पश्चात् यिनीहरुलाई पूर्ण सरसफाइ उन्मुख स्वघोषणा (पहिलो चरणमा सफा र स्वच्छ क्षेत्र तथा दोस्रो चरणमा पूर्ण सरसफाइउन्मुख) घोषणा गर्नुपर्दछ ।

यसरी घोषणा गर्दा, जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति वा कुनै बाहिरी निकायले अनुगमन गरी घोषणाको स्वीकृति दिनु भन्दा पनि सम्बन्धित

तह वा इकाइले नै स्वअनुगमन गरी सोको प्रतिवेदन माथिल्लो समितिमा पेश गरेपछि माथिल्लो समितिले मनासिवलागेमा/आवश्यक परेमा सुझाव सहित स्वघोषणाका लागि स्वीकृति प्रदान गर्दछ ।

यसरी विभिन्न इकाइहरुले अन्तिम गुणस्तर अनुगमन सहित स्वघोषणा स्वीकृतिका लागि पत्र तपसिल बमोजिमका समितिमा पेश गर्नुपर्नेछ :

| क्र.सं. | स्वघोषणा गर्ने इकाइ | पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | टोल | वडा समिति |
| २. | विद्यालय | विद्यालयव्यवस्थापन समितिमार्फत नगरपालिका |
| ३. | वडा | नगरपालिका |
| ४. | स्वास्थ्य संस्था | स्वास्थ्य शाखा मार्फत नगरपालिका |
| ५. | विशेष घोषणा | अनुगमन समितिको सिफारिस सहितनगरपालिका |

यसरी, माथिल्लो इकाइ/निकायले विस्तृत प्रतिवेदन, अनुगमन सूची र स्थलगत अनुगमनका आधारमा स्वीकृति दिएमा वा मनासिव ठानेमा सम्बन्धित इकाइले स्वघोषणा गर्नेछ । यसरी स्वघोषणा गर्दा सफा र स्वच्छ अवस्थाबाट पूर्ण सरसफाइ उन्मुख अवस्थामा पुग्नका लागि आवश्यक योजना समेत स्वघोषणाका क्रममा नै सार्वजनिक गर्नुपर्नेछ ।

# अनुसूचीहरु

## कोभिड-१९ क्वारेण्टाइन र आइसोलेसन केन्द्रका लागि खानेपानी, सरसफाइ तथा स्वच्छताको

# न्यूनतम स्तर एवम् मापदण्ड

यस मार्गदर्शनको मुख्य उद्धेश्य कोभिड-१९ महामारीको समयमा स्थापना र सञ्चालन गरिएका क्वारेण्टाइन र आइसोलेसन सेण्टरहरुमा आधारभूत खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थाको सुनिश्चितता गर्नका लागि दिशानिर्देश गर्नु रहेको छ ।

### खानेपानी

**विश्वसनीय गुणस्तरको पर्याप्त पानीको उपलब्धता**

- पानीको निरन्तर आपूर्तिका लागि कम्तिमा पनि ४८ घण्टाको लागि सुरक्षित पानी (0.5mg/l free residual chlorine) को सुनिश्चितता गर्नु
- प्रतिदिन आवश्यक पानीको मात्रा
    - बहिरंग विरामी (Outpatient) को लागि न्यूनतम प्रति विरामी ५ लिटर सुरक्षित पानी
    - अन्तरंग विरामी (In-patient) को लागि न्यूनतम प्रति विरामी ४० देखि ६० लिटर सुरक्षित पानी
- चर्पीको लागि आवश्यक पानी
    - सामान्य फ्लस चर्पीका लागि २० देखि ४० लिटर प्रतिदिन प्रति प्रयोगकर्ता
    - नुहाउन र कपडा धुनका लागि पर्याप्त पानी

### सरसफाइ

**रोग संक्रमण नहुनेगरी मानव मलमूत्रको समुचित र सुरक्षित विसर्जन स्थल वा सुविधा उपलब्ध गराउने**

- खुट्टाको अपांगता भएका, खुट्टाले टुसुक्क बसेर दिसा गर्न कठिन हुनेहरुका लागि कमोड प्यान वा कमोड कुर्सी वा बकेट चर्पी
- चर्पी, धारा, सावर, नुहाउने कपडा धुने स्थान पानी र डिटर्जेन्टको प्रयोग गरी सफाइ कायम गरेको । चर्पीको हकमा कडा किसिमको डिटर्जेन्टको प्रयोग नगार्न सिफारिस गरिन्छ ।
- आवश्यक चर्पीको संख्या
  - बहिरंगाका लागि कम्तिमा चार वटा चर्पीहरु (महिला, पुरुष, बालबालिका र स्वास्थ्य कर्मचारीका लागि)
  - अन्तरंगाका लागि बढीमा २० जनाका लागि एक हुनेगारी चार अलग अलग चर्पी (महिला, पुरुष, बालबालिका र स्वास्थ्य कर्मचारीका लागि)

## फोहरको समुचित प्रवन्ध, प्रशोधन र व्यवस्थापन

- तीन भाँडोको प्रयोग गरी श्रोतमा नै फोहरको वर्गीकरण
- क्वारेण्टाइन र आइसोलेसनमा फोहर पानी, खैरो पानी र मानव दिसाजन्य फोहरको उचित वर्गीकरण
- फोहरको वर्गीकरण र व्यवस्थापनको बारेमा स्वास्थ्य कर्मचारी र क्वारेण्टाइन तथा आइसोलेसनमा काम गर्ने कर्मचारीहरुलाई उचित तालिम एवम् अभिमुखीकरण
- फोहर संकलन, वर्गीकरण, ओसारपसार र व्यवस्थापन गर्ने टोलीले व्यक्तिगत सुरक्षा सामग्री (Personal Protective Equipments) को प्रयोग गर्ने कुराको सुनिश्चितता

## स्वच्छता

## स्वच्छता कायम राखनका लाग स्वास्थ्यकर्मी, स्वास्थ्य कर्मचारी, विरामी र अगन्तुकका लागि पर्याप्त रुपमा स्वच्छता सामग्री, सफाइ सामग्री तथा उपकरण उपलब्ध गराउने

- क्वारेण्टाइन र आइसोलेसन भित्र आवश्यक स्थानहरुमा हात धुने निश्चित, सुरक्षित स्थानहरुमा सरसफाइका सामग्री, मूलतः साबुन पानीले हात धुने

व्यवस्था, आवश्यकताअनुसार प्रयोग गर्नका लागि स्यानिटाइजर र सुख्खा गर्नका लागि ड्रायर वा व्यक्तिगत टावेलको व्यवस्था

- क्वारेण्टाइन र आइसोलेसनमा रहेका सबैलाई स्वचछता सामग्री उपलब्ध गराउने (वास क्लस्टरले तयार गरेको सूचीमा कम्तिमा पनि १५ सर्जिकल मास्क थप गरी उलब्ध गराउने । महिनावारी स्वच्छता व्यवस्थापनका लागि आवश्यक सामग्री सूचीमा नै समावेश गरिएको छ ।
- हात धुने निश्चित स्थान (आइसोलेसनमा रहेका बाहेक अन्यको हकमा बढीमा १० जनाका लागि एक हात धुने स्थान)

### सफा र स्वच्छ वातावरण कायम राख्ने

- भुइँ र कार्यक्षेत्र दैनिक रुपमा सफा गर्ने सामग्री (पानी, डिटर्जेन्ट र यस्तै अन्य सफाइ सामग्री) ले सफा गर्ने
- संक्रमण हुन सक्ने सम्भावित ठाउँहरु क्लोरिन पानीले सफा गर्ने
- उपचारमा प्रयोग गरिने सामग्रीहरु प्रत्येक प्रयोगपछि वा अघि आवश्यकता र त्यसबाट हुने जोखिमलाई शून्यमा झार्नका लागि निर्मलीकरण गर्ने
- प्रयोग हुने तन्ना, खोलजस्ता कपडाहरु एक व्यक्तिले प्रयोग गरिसकेपछि उपयुक्त तरिकाले निर्मलीकरण गर्ने

### स्वास्थ्य कर्मचारी, स्वास्थ्यकर्मी, स्याहार सुसारमा खटिने व्यक्ति र विरामीहरूमा Personal Protective Equipments को सुनिश्चितता गर्ने

- क्वारेन्टाइन र आइसोलेसनमा रहने व्यक्तिका लागि आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा सामग्रीको व्यवस्था गर्ने
- स्वास्थ्यकर्मी, स्वयंसेवक, विरामी र अन्य सम्बन्धित व्यक्तिलाइ PPE को छनौट, प्रयोग र यसलाई सुरक्षित तरिकाले खोल्ने तरिकामा अभिमुखीकरण गर्ने

### मुख्य सूचकहरू

- स्वास्थ्यकर्मी, स्वास्थ्य कर्मचारी र स्वयंसेवकले प्रत्येक पटक विरामीको सम्पर्कमा आएपछि साबुन पानीले राम्ररी हात हुनेछन्, वा उपयुक्त स्यानिटाइजरले हात सफा गर्नेछन् ।

- प्रत्येक विरामी र उनीहरुको स्याहार गर्ने व्यक्तिले नियमित रुपमा साबुन पानीले हात धुनेछन्, वा स्यानिटाइजरको प्रयोग गर्नेछन् ।
- हात धुने स्थानमा पानीसँगै साबुन, हात धुने जेल वा हात सफा गर्ने सामग्रीको व्यवस्था हुनेछ ।
- सम्भावित संक्रमित सबै सतह आवश्यक मात्रामा क्लोरिन मिलाइएको झोल (0.2% Chlorine) ले सफा गरिएको हुनेछ ।
- प्रत्येक १० अन्तरंग विरामी बराबर एउटा साबुन पानीले हात धुने सुरक्षित र निश्चित स्थान निर्माण
- सुरक्षित पिउने पानी (0.5-1 mg/1 FRC) को गुणस्तर कायम भएको हुनेछ ।
- बहिरंग सेवाको हकमा प्रतिदिन एक व्यक्ति बराबर कम्तिमा पाँच लिटर पानी र अन्तरंग सेवाको हकमा एक व्यक्ति बराबर ४० देखि ६० लिटर पानीको उपलब्धता भएको हुनेछ
- बहिरंग सेवा केन्द्रको हकमा पुरुष, महिला, बालबालिका र स्वास्थ्यकर्मीका लागि अलग अलग चर्पीको व्यवस्था भएको हुनेछ । यसरी चर्पीको व्यवस्था गर्दा, एउटा चर्पीमा बढीमा २० जना प्रयोगकर्ता हुनेगरी व्यवस्था भएको हुनेछ ।

## स्वच्छता सामग्रीको स्तर मापदण्ड

| क्र.सं. | सामानको विवरण | आवश्यक परिमाण | तस्वीर/उदाहरण |
|---|---|---|---|
| १. | सूतीको टावेल<br>कच्चा पदार्थ : १०० प्रतिशत सूती<br>आकार : २० ×४० इन्च<br>रंग : हल्का रंगको | २ वटा |  |

| | | | |
|---|---|---|---|
| | प्रयोग : पानी सोस्नका लागि हात अनुहार पुछ्ने | | |
| २. | नुहाउने साबुन<br>तौल : १२० ग्राम<br>नाप : १.२० मोटाइ ×३.५ इन्च लम्बाइ × २.५ इन्च चौडाइ<br>उद्धेश्य : जीवाणु विषाणुबाट सतप्रतिशत सुरक्षा | ४ वटा |   |
| ३. | कपडा धुने साबुन<br>तौल : १५० ग्राम<br>उद्धेश्य : प्रयोग गरेका कपडाको फोहर र त्यहाँ टासिएका वाह्य पदार्थ सफा हुनेगरी कपडा धुने | द्ध ४ वटा |   |
| ४. | साबुन राख्ने पारदर्शी बट्टा<br>सामग्री : प्लास्टिकबाट बनेको<br>आकार : आवश्यकता अनुसार | एउटा |  |

| | | | |
|---|---|---|---|
| | रंग जुनसुकै<br><br>उद्धेश्य : नुहाउने साबुन राख्ने | | |
| ५. | टुथ ब्रस (१३ वर्षसम्मका बालबालिकाको लागि)<br><br>सजिलै समाउन मिल्ने<br><br>बच्चाको दाँतमा मिल्ने<br><br>नरम<br><br>रंग : जुनसुकै | ४ वटा |  |
| ६. | टुथ ब्रस (वयस्कका लागि)<br><br>सजिलै समाउन मिल्ने<br><br>दाँतमा मिल्ने<br><br>नरम<br><br>रंग : जुनसुकै | दुई वटा |  |
| ७. | टुथ पेस्ट<br><br>तौल : ८० ग्राम<br><br>ब्राण्ड : गुणस्तर निश्चित भएका ब्राण्ड<br><br>प्रयोग अवधि : कम्तिमा एक वर्ष रहेको | दुई वटा |  |

| | | | |
|---|---|---|---|
| ८ | काँगियो (वयस्कका लागि)<br>प्लास्टिकको<br>आकार : १८ सेण्टिमिटर लामो<br>रंग जुनसुकै रंगको | दुई वटा |  |
| ९ | काँगियो (बालबालिकाका लागि)<br>प्लास्टिकको<br>आकार : १६ सेण्टिमिटर लामो<br>रंग जुनसुकै रंगको | एउटा |  |
| १० | सामग्री : स्यानिटरी प्याड<br>आकार : सामन्यत: बजारमा पाइने<br>राम्ररी रगत सोस्ने<br>Bio-degradable<br>अलग अलग प्याड प्याक गरिएको<br>१० वटा प्याड भएको प्याक | २ प्याकेट |  |

| | | | |
|---|---|---|---|
| ११ | महिलाका लागि कट्टु (१३ वर्षभन्दा माथिकाको लागि)<br><br>कच्चा पदार्थ : सतप्रतिशत सुती<br><br>आकार : मध्यम<br><br>रंग : जुनसुकै रंगको | दुई वटा |  |
| १२ | नङ काट्ने औजार (नेल कटर)<br><br>स्टिनलेस स्टिलबाट बनेको<br><br>मध्यम वा सानो आकारको<br><br>हात खुट्टाको नङ काट्नका लागि | दुई वटा |  |
| १३ | नाइलनको डोरी<br><br>मोडाइ : ८ मिलिमिटर<br><br>लम्बाइ : १० मिटर<br><br>रंग : जुनसुकै<br><br>उपयोगिता : आवश्यक समयमा सामग्री बाँध्ने | एउटा |  |

| | | | |
|---|---|---|---|
| १४ | स्वच्छता सामग्री झोला<br><br>बुनोट : PVC कोट गरिएको पोलिस्टर<br><br>आकार : १३×१६×४ इन्च<br><br>जिपर भएको<br><br>रंग : निलो | एउटा |  |

**आज्ञाले**
**विनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**